नगर प्रमुखः ०९१-५६०३८०
प्रमुख प्रशासकीय अधिकृतः ०९१-५६०११८
राजस्व उपशाखा ०९१-५६०८८३

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**टीकापुर, कैलाली,**
**सुदूरपश्चिम प्रदेश, नेपाल**
(प्रकाशित मिति : २०८१।०५।३१ गते)

## सूचना । सूचना ॥ सूचना ॥।

यस टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको स्वामित्वमा रहेको सपिङ्ग कम्प्लेक्स भवनको सटर कवलको भाडा सम्बन्धमा टीकापुर नगरपालिकाको मिति २०८१।०४।२८ गते बसेको ३९औं नगर कार्यपालिका बैठकको निर्णय नं.१० बाट भएको निर्णय बमोजिम बाँकीबक्यौता बहाल रकम बुझाउनुका साथै बहालमा बसि राख्न इच्छुक व्यक्ति/फर्मले वहाल सम्झौता गर्नका लागि र सटर कवल खाली गर्न इच्छुक व्यक्ति/फर्मले बहाल सम्झौता खारेजीका लागि यहि मिति २०८१।०६।१५ गते भित्र अनिवार्य रुपमा यस कार्यालयमा निवेदन पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

यस सूचनाको वेवास्ता गरि मिति २०८१।०६।१५ गते भित्रमा बहाल सम्झौता गर्न वा सटर कवल खाली गर्न निवेदन पेश नगरेमा तत्काल सटर कवल बन्द गरि/गराई बाँकीबक्यौता रकम असुल उपर गर्नका लागि टीकापुर नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा २४ र प्रचलित कानून वमोजिम आवश्यक प्रक्रिया अगाडि बढाईने भएकोले बाँकीबक्यौता रहेका व्यक्ति/फर्मको नाम नामेसी पत्रपत्रिका र वेभसाइट लगायतका सञ्चारका अन्य माध्यमबाट सार्वजनिक गर्नुका साथै सो रकम असुल उपर नहुँदा सम्म सोही ऐनको दफा २४(ङ) बमोजिम टीकापुर नगरपालिकाले उपलब्ध गराउने विपद्कालिन सेवा र नेपाली नागरिकताको प्रमाणपत्र सम्वन्धी सिफारिस बाहेकका अन्य सम्पूर्ण सेवा रोक्का गर्न यस कार्यालय वाध्य हुने भएकोले नाम नामेसी सार्वजनिक हुँदा वा सेवा रोक्का हुँदा सम्वन्धित व्यक्ति वा फर्मलाई कुनै असुविधा वा क्षति पुग्न गएमा यस कार्यालय जवाफदेही नहुने व्यहोरा समेत यसै साथ सूचित गरिन्छ । विस्तृत जानकारीका लागि यस कार्यालयको राजस्व उपशाखामा सम्पर्क राख्न सकिने छ ।

दमन सिंह चौधरी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Website : www.tikapurmun.gov.np Email : tikapurmun@gmail.com

Scanned with CamScanner